

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ८ गते आइतबार ❑ 24 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## नागरिकता विषयमा तराई मधेशका जनतासँग गरेको प्रतिवद्धता पूरा भयो भयो : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं, ७ साउन**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड'ले आफूले नागरिकताका विषयमा तराई मधेसका जनतासँग गरेको प्रतिबद्धता पूरा गरेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो 'लामो समयदेखि नागरिकताविहीन नागरिकको समस्या समाधान गर्ने विषयमा मैले पटक-पटक प्रतिबद्धता जनाएको थिएँ । अब यो व्यवहारिक रूपमा कार्यान्वयन भएको छ ।'




सर्लाहीको बागमती नगरपालिका सोल्टीबजारस्थित एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले शुक्रबार पारित नागरिकता विधेयक माओवादीकै कारण सम्भव भएको दाबी गर्नुभयो । 'तपाईँहरूले माओवादी पार्टीलाई बलियो बनाएर आउने दिनमा यहाँका जनताको हकअधिकार, पहिचान र विकास समृद्धि र समाजवादका निम्ति योगदान गर्नुहुनेछ', उहाँले भन्नुभयो, 'नेपालको राष्ट्रिय एकतालाई बलियो पार्नका लागि छिमेकी देश चीन र भारतसँग सन्तुलित राम्रो सम्बन्ध बनाउनुपर्छ ।'

मधेसी जनताको चाहनाअनुरुप यहाँको शिक्षा, स्वास्थ्य, सडक संरचना माओवादी केन्द्रको अगुवाइमा विकासका काम हुने उहाँले दाबी गर्नुभयो । 'चीन सरकारको एउटा टोलीसँग र भारतीय जनता पार्टीका केन्द्रीय अध्यक्षको निम्तोमा भारतमा गएर सरकारका प्रतिनिधि र पार्टीका प्रतिनिधिसँग स्पष्ट छलफल भएको छ', पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, 'नेपालको राष्ट्रिय हितका निम्ति, नेपाली जनतको विकास र समृद्धिका निम्ति मैले दुवै छिमेकीबाट त्रिदेशीय सम्भदारी बनाउने, दुवैबाट सहयोग जुटाउने कोसिस पार्टीले गरिरहेको छ ।'

अध्यक्ष दाहालले सङ्घीयतालाई बदनाम र कमजोर पार्ने काम भइरहेकाले यहाँको जनता सजग भएर संविधानको रक्षाका निम्ति माओवादी केन्द्रलाई आगामी चुनावमा मत दिनुपर्ने बताउनुभयो । कार्यक्रममा पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, नेता प्रल्हाद बुढाथोकीलगायतले जनताका बीचमा गएर पार्टी गतिविधिका बारेमा प्रचार-प्रसार गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

## भद्रकाली माविमा सेनिटरी प्याड मेसिन जडान

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ साउन**

पोखरा महानगरपालिका वडा नं. १३ वडा कार्यालयको पहलमा भद्रकाली माध्यमिक विद्यालयमा सेनिटरी प्याड मेसिन जडान भएको छ ।



विद्यालयमा आयोजित एक समारोहमा शनिवार पोखरा महानगरपालिका वडा नं. १३ का वडा अध्यक्ष किरण बरालले भद्रकाली माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र भण्डारीलाई मेसिन हस्तान्तरण गरेका हुन् ।

सो अवसरमा बोल्दै वडा अध्यक्ष बरालले विद्यालयमा अध्ययन गर्ने छात्राहरूलाई निःशुल्क तथा सहज रूपमा सेनिटरी प्याड प्राप्त गरी प्रयोग गर्ने अवसर प्रदान गर्नका लागि मेसिन हस्तान्तरण गरेको भने । अध्यक्ष बरालले छात्राहरूलाई महिनावारीका समयमाकुनै असुविधान होस् र पठन पाठनमा कुनै बाधा नपरोस् भन्ने उद्देश्यले आफूले उक्त मेसिन जडानका लागि पहल गरेको र आवश्यक पर्ने प्याड पनि महानगरपालिका र वडा कार्यालयबाट उपलब्ध गराउने प्रतिबद्धता गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकबहादुर कार्कीले वडा कार्यालय र विद्यालयको आपसी सहकार्य तथा सहयोगबाट नै विद्यालयको चौतर्फी विकास सम्भव हुने बताए । अध्यक्ष कार्कीले वडा कार्यालयसँग निरन्तर यस्तै सहकार्य गर्दै अगाडि बढ्ने विश्वास व्यक्त गरेका विद्यालयका सहायक प्रधानाध्यापक लोकचन्द्र खनालले पोखरापत्रलाई बताए ।

## कांग्रेसभित्रका अन्तर्घातीलाई दण्डित गर्नुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ७ साउन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संगठनका कारणभन्दा पनि अन्तर्घातका कारण पार्टी कमजोर बन्दै गएको बताउनुभएको छ ।



कांग्रेस तनहुँ जिल्ला कार्यसमितिले शनिबार दमौलीमा आयोजना गरेको स्थानीय तह निर्वाचन समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आफैँभित्रको अन्तर्घातले कांग्रेस खुम्चिन पुगेको उल्लेख गर्नुभयो । 'पार्टीभित्र अन्तर्घातको सुरुआत धेरै अगाडिबाट भयो, आफैँभित्रको अन्तर्घातले खुम्चिन पुगेका छौँ, यसमा समीक्षा हुन जरुरी छ, यसमा आत्मनिरीक्षण हुन जरुरी छ', उहाँले भन्नुभयो, 'यसमा कसैले पनि ढाकछोप गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्न हुँदैन, ढाकछोप गर्दै जाँदा गल्ती दोहोरिँदै जान्छ ।' वरिष्ठ नेता पौडेलले अन्तर्घातीलाई दण्डित गर्नुपर्ने बताउनुभयो । 'अन्तर्घाती कुनै न कुनै रुपबाट दण्डित हुनुपर्छ, पार्टीले कारवाही गरेर ननिकाले पनि त्यसलाई समाजले दण्डित गर्छ', उहाँले भन्नुभयो । पैसावालाहरुको बोलाबाला बढ्दै जाने र निष्ठावान कार्यकर्ता पाखा लाग्दै जाने प्रवृत्तिको अन्त्य गर्नुपर्ने वरिष्ठ नेता पौडेलको भनाई थियो । 'यसले लोकतन्त्र त कमजोर हुन्छ हुन्छ, राष्ट्रियता नै समाप्त हुने खतरामा बढ्दै जान्छ,' उहाँले भन्नुभयो ।

गठबन्धन आदर्श र सिद्धान्तका कारण नगरिएको बताउँदै वरिष्ठ नेता पौडेलले कांग्रेसविरुद्ध महागठबन्धन बन्ने भएकाले त्यसलाई रोक्न गठबन्धन गरिएको बताउनुभयो । कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले गठबन्धन गरेर लोकप्रिय काम नगर्ने हो भने सरकारमा बसिरहनुको पनि अर्थ नहुने बताउनुभयो । उहाँले चुनावमा गठबन्धन नगरी बहुमत ल्याउने हो भने लोकप्रिय काम गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । कार्यक्रममा कांग्रेसका जिल्ला सभापति जितप्रकाश आले, निवर्तमान सभापति वैकुण्ठ न्यौपाने, क्षेत्र नं १ का सभापति श्यामकुमार मौराती, २ का सभापति चुडामणि खनालगायतले कांग्रेसभित्रका कमी-कमजोरी सुधारेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

## राष्ट्रिय स्वतन्त्र पार्टीको गण्डकीमा डा. श्रेष्ठ र कास्कीमा गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ साउन**

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको पोखरामा शनिबार भएको भेलाले डा. ढाकाकुमार श्रेष्ठको सभापतित्वमा गण्डकी प्रदेशस्तरीय तदर्थ समिति गठन गरेको छ । कास्की जिल्ला समितिको सभापति विष्णु गुरुङ एकता चुनिएकी छन् ।

प्रदेश समिति १६ सदस्यीय छ । सदस्यहरुमा अशोक खड्का, विकास भुर्तेल, नवीन केसी, श्याम सुनार, मनीषा थापा, सविता शर्मा, शीतल थापा, चित्रबहादुर थापा, मेघ आले, बोधराज रेग्मी, रुपभागत भण्डारी, विशेष पन्त लगायत छन् । भेलाबाट बागलुङ, स्याङ्जा, तनहुँ लगायत जिल्ला समिति पनि गठन गरेको जानकारी प्रदेश सभापति श्रेष्ठले दिए । पोखरा समिति पनि भेलाले गठन गरेको छ । भेलालाई राष्ट्रिय अध्यक्ष लामिछाने लगायतले सम्बोधन गरेका थिए ।

लामिछानेले आफू कफन बाँधेर राजनीतिमा आएको बताए । उनले आफू सिंहदरबारको यात्रामा रहेको हुँदा खबरदारी गरिरहन पनि भने । उनले पुराना नेताहरुलाई आराम गरेर बस्न आग्रह गरे । 'भो तपाईंको चिन्ताले यो देश कहाँ पुग्यो भन्ने कुरा हामीले देखिसक्यौं । छेउको श्रीलंका पुगे संघारमा छौं भनेर तपाईं नै भन्दै हुनुहुन्छ । भो अब यो तपाईंको वृद्ध शरीरबाट हामी यो देशलाई श्रीलंकातर्फ लम्न चाहँदैनौं,' उनले भने, 'तपाईं आराम गर्नुस्, बरु तपाईंसँग सल्लाह लिन म आफैं आउँला, सिंहदरबार मलाई जान दिनुस् ।'

देशमा व्यवस्था होइन अवस्था बदल्नुपर्ने खाँचो रहेको उनले औंल्याए । 'तपाईं अब मन बदल्नुहोस्, छाप बदल्नुहोस्, हामी देश बदल्ने छौं,' उनले भने ।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पुष्पलालको प्रेरणाले सबल भएको एमाले : ओली

**रासस**
**काठमाडौं, ७ साउन**

नेपाल कम्युनिष्ट पार्टी नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेकपाका संस्थापक महासचिव पुष्पलालले दिनुभएको योगदानको प्रेरणा लिएर आज यस ठाउँमा आइपुगेको बताउनुभएको छ ।

४४औँ पुष्पलाल स्मृति दिवसका अवसरमा शनिबार यहाँ आयोजना भएको कार्यक्रममा अध्यक्ष ओलीले पुष्पलालले देखाएको सत्कर्मकै कारण एमाले आज यस स्थानमा आइपुगेको बताउनुभयो। पुष्पलालले पुऱ्याउनु भएको योगदानकै कारण आज सचेत सङ्गठित, विस्तृत परिवर्तनकारी सबैभन्दा सबल शक्तिका रूपमा एमाले रहेको दाबी अध्यक्ष ओलीले गर्नुभयो । कार्यक्रममा पुष्पलाल र अरू शहीदहरूले देखाएको बाटोबाट अलि कति पनि विचलित नभईकन 'समृद्ध नेपाल, सुखी नेपाली' र स्वतन्त्र नेपाल बनाएर छोड्ने सङ्कल्प उहाँले पुनः दोहोऱ्याउनुभयो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले भन्नुभयो, "अग्रजलाई सम्मान गरिहँदा फराकिलो मनको साथ अगाडि बढ्नुपर्छ ।" उहाँले कार्यकर्तालाई पुष्पलालका काम, विचार, योगदानको प्रेरणा लिएर अघि बढ्नु आग्रह गर्नुभयो । पुष्पलालको जीवनको चर्चा गर्दै अध्यक्ष ओलीले नेपालको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा उहाँले पुऱ्याएको योगदानको स्मरण गर्नुभएको थियो । सोही अवसरमा अन्य विभिन्न पार्टीबाट करिब २० जना एमालेमा प्रवेश गर्नुभएको थियो ।


**सम्पत्ति विवरण समयमै बुझाऔं**
**जरिवानाबाट बचौं ।**

◆ सार्वजनिक पद धारणा गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।

◆ आर्थिक वर्ष शुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं ।

◆ भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्भनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा स्पोर्टस् अवार्डको २०७८ को समिक्षा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

छैटौं संस्करणको पोखरा स्पोर्टस् अवार्डको समिक्षा कार्यक्रम कास्कीको धम्पुसमा सम्पन्न भएको छ।

समिक्षा कार्यक्रमका सहभागीले गण्डकी प्रदेशको ब्राण्ड बनिसकेको पोखरा स्पोर्टस् अवार्डलाई ब्राण्डको पनि ब्राण्ड बनाउनुपर्नेमा जोड दिएका छन् । अवार्ड कार्यक्रमले समग्र पत्रकारिता क्षेत्रको इज्जत बढाएको भएपनि निरन्तरतामा चुनौती भने रहेको उनीहरुको भनाई छ । कार्यक्रममा बोल्दै नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीले अवार्ड निरन्तरतामा चुनौती देखिएपनि अवार्ड कार्यक्रमले समग्र पत्रकारिता क्षेत्रको इज्जत बढाएको बताए । आगामी दिनका अवार्ड कार्यक्रमलाई भव्य बनाउन मञ्चमा आवद्ध सम्पूर्ण सदस्यबिच एकताको भावना हुनुपर्नेमा उनको जोड थियो । मञ्चका निवर्तमान अध्यक्ष एकराज गिरीले अवार्ड सम्पन्न गर्न सूरुवातका संस्करणमा गाह्रो भएपनि अब भने सजिलो हुँदै गएको दावी गरे । मञ्चले गर्ने कार्यक्रम प्रदेशका सबै पालिकामा पुर्याउन सके आर्थिक रुपमा मञ्चलाई सजिलो हुने उनको भनाई थियो । मञ्चका सल्लाहकार रञ्जन अधिकारीले अवार्ड कार्यक्रम थप आर्कषक बनाउन पर्याप्त तयारी हुनुपर्ने बताए । काम गर्ने क्रममा जस र अपजस दुवै हुने भन्दै सबै मिलेर काम गरेको खण्डमा कार्यक्रमको आर्कषक बढ्ने भनाई राखे ।



खेलाडी छनोट समितिका सह-संयोजक तथा अवार्ड कार्यक्रमका संस्थापक सन्देश श्रेष्ठले छोटो समयमा पनि उत्कृष्ट कार्यक्रम सहित अवार्ड सम्पन्न भएको भन्दै खुशी व्यक्त गरे । बजेटको सुनिश्चितता नहुँदा समस्या भएपनि आगामी वर्ष सहज हुने उनको विश्वास थियो । अवार्ड कार्यक्रम ब्राण्ड बनिसकेको भएपनि अब यसलाई ब्राण्डको पनि ब्राण्ड बनाउनुपर्नेमा उनको जोड थियो ।

नेपाल पत्रकार मञ्च गण्डकीका महासचिव गोविन्द सुवेदीले विटगत पत्रकारितामा खेलकुद पत्रकार मञ्च गण्डकी गौरव गर्न लायक संस्था भएको बताए । मञ्चले गरेका राम्रो कामको सिको अरु संस्थाले पनि गर्नुपर्ने उनले बताए । समिक्षा कार्यक्रमको आयोजना गरेर मञ्चले सातौं सस्करणको अवार्ड कार्यक्रमको तयारी सुरु गरेको भन्दै उनले प्रशंसा गरे ।

नेपाल पत्रकार महासंघ कास्कीका सचिव माधव बराललले अवार्ड कार्यक्रम भव्य रुपमा सम्पन्न भएको बताए । उद्धेश्य अनुसारनै अवार्ड कार्यक्रम अगाडि बढिरहेको उनले बताए। कार्यक्रम गर्दा केही कमिकमजोरी हुने भएकोले त्यस्ता कमजोरी सुधार्दै जानुपर्नेमा उनको जोड थियो । अवार्ड कार्यक्रमको निरन्तरतामा चुनौती भने भएको उनले प्रष्ट पारे । मञ्चका अध्यक्ष दीननाथ बराललले बजेटको सुनिश्चितता नहुँदा नहुँदै पनि कार्यक्रम आयोजना गर्नु चुनौतीपूर्ण भएको बताए । यति हुँदाहुँदै पनि सबैको साथ सर्पोटका कारण अवार्ड कार्यक्रम सफल भएको उनको भनाई थियो । बजेटको सुनिश्चिचता भइसकेकोले अबको वर्ष भने सहज हुने उनको विश्वास छ । यो वर्ष विभिन्न कारणले असार मसान्तमा अवार्ड कार्यक्रम सम्पन्न गर्नुपरेपनि आगामी वर्षको सातौ संस्करणको पोखरा स्पोर्टस् अवार्ड भने बैशाख महिनामा आयोजना गरिने मञ्चका महासचिव राजाराम पौडेलले बताए । समिक्षा कार्यक्रममा प्राप्त सुझावलाई ध्यान दिएर आगामी कार्यक्रमलाई थप परिमार्जित परिस्कृत गरिने उनले जनाए । अवार्ड कार्यक्रमलाई भव्य बनाउन सघाउने सबैलाई उनले आभार व्यक्त गरे ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका कोषाध्यक्ष कृष्ण दवाडी, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, सचिव शशी कुमार पौडेल, कोषाध्यक्ष कविता घर्तीमगर, कार्यसमिति सदस्यहरु राजु गिरी, नारायण शाही, दीपक राज मुल्मी सहित मञ्चमा आवद्ध पत्रकारहरु दीपक परियार, गणेश बराल, रोसन अधिकारी, गौरव त्रिपाठी, रोहितराज पराजुली, दीपक गोदार, इन्द्र पौडेल लगायतले स्पोर्टस् अवार्डसँग सम्बन्धित विभिन्न पक्षको बारेमा आफ्नो भनाई तथा सुझाब राखेका थिए । कार्यक्रमको सञ्चालन मञ्चका महासचिव राजाराम पौडेलले गरेका थिए । मञ्चले २०७२ सालदेखि पोखरामा निरन्तर स्पोर्ट्स अवार्ड कार्यक्रम गर्दै आएको छ ।

# मेयर धनराज आचार्यद्वारा माटो जोगाउन अभियानलाई समर्थन

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

पोखरा सभागृहमा प्रमुख माटो जोगाऔं कार्यक्रम आयोजना गरियो ।

माटोको मरुभूमिकरण रमाटोलाई पुनर्स्थापनाका लागि नीति आवश्यक पर्ने जनचेतना जगाउन सद्गुरुद्वारा सुरु गरिएको विश्वव्यापी सेव सोइल अभियानलाई निरन्तरता दिँदै साते प्रदेशमा दैनिक औसत ५० किलोमिटर दौडने अभियानकर्ता नवीन पुन मगरलाई कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिकामा मेयर धनराज आचार्यले स्वागत गर्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि पोखराका मेयर धनराज आचार्यले नवीन पुन मगरलाई निस्वार्थ काम गरेको भन्दै स्वागत तथा प्रशंसा गरेका थिए। मेयरले माटो जोगाउन एकजुट हुने प्रतिवद्धता व्यक्त गर्दै पोखरामा माटो बचाउन र कृषि क्षेत्रलाई सहयोग गर्ने नीति बनाउने प्रतिबद्धता जनाउनुभयो । उनले माटो बचाउ कार्यक्रमका लागि महानगरपालिकाले पोखरा सभागृह अनुदान दिनुभएको र अभियानकर्ता नवीन पुन मगर तथा उहाँको स्वयंसेवी टोलीलाई यस अभियानका लागि सहयोग स्वरुप रु ५०,००० र पोखरामा हुँदा सहयोग खर्च व्यहोर्न तथा यस कार्यमा सहयोग गर्न प्रतिबद्दता व्यक्त गर्नुभयो ।

कार्यक्रममा कृषि विकास निर्देशनालय गण्डकी प्रदेशका प्रमुख वासुदेव रेग्मी, कृषि विकास केन्द्र कास्कीका प्रमुख शालिकराम अधिकारी, महानगरका कृषि विभाग प्रमुख मनोहर कडरिया, माटो तथा मल परीक्षण प्रयोगशालाका प्रमुख तथा वरिष्ठ माटो विज्ञ सुनिल पाण्डेले माटोको स्वास्थ्य र कृषिबीचको सम्बन्धबारे जानकारी दिएका थिए । माटो बचाउन नीतिहरू आवश्यक छन् र स्वस्थ माटोले मात्र दिगो रुपमा स्वस्थ खाना उत्पादन गर्न सकिने उनीहरुले जोड दिएका थिए।

सोही कार्यक्रममा प्राध्यापक विनोद प्रसाद हेज्युले वातावरणीय स्वास्थ्यका लागि चासोको आवश्यकता रहेको बताए। त्यस्तै गण्डकी मेडिकल कलेजका प्रधानाध्यापक डाक्टर रवीन्द्र प्रसाद श्रेष्ठले खेतीपातीमा मलको प्रयोग र यसले मानिसको स्वास्थ्यमा पार्ने असरका बारेमा बताउनुभयो। सबै वक्ताहरु पछि अभियानकर्ता नवीन पुन मगरले आफ्नो ज्यान जोखिममा राखी यो अभियान ७० दिनमा सातै प्रदेशमा ३५०० किलोमिटर दौडिनको कारण बताए।

तथ्यमा आधारित रहेको यो कार्यक्रममा ज्ञानु आचार्य र कुश्मा आचार्यका कविता, बीटूडी डान्स स्टुडियोको नृत्य प्रस्तुति र त्रिभुवन विश्वविद्यालय पोखरा क्याम्पसको वनविज्ञान अध्ययन संस्थानका विद्यार्थीहरुको फ्ल्यास मोब डान्स समेत प्रस्तुत गरि मनोरंजन गराएका थिए । अभियानकर्ता नवीन पुन मगर अब स्याङ्जाको पुतली बजारतर्फ दौडनेछन्।

त्यसपछि उनी माटो जोगाऔं अभियानलाई नेपालको पश्चिमी भागमा लैजाने अभियानलाई निरन्तरता दिनेछन्। उनले ३५ सय किलोमिटरको लक्ष्यमध्ये १७४५ किलोमिटर पूरा गरिसकेका छन्।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि सहारा एकेडेमीको फुटवल मैदान प्रस्ताव

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि पोखराको सहारा एकेडेमीको फुटवल मैदान पनि प्रस्ताव गरिने भएको छ।

उक्त प्रतियोगिता सम्पन्न गर्न विभिन्न स्थानमा खेल मैदान अवलोकन गर्ने क्रममा शनिबार सहारा एकेडेमीको फुटवल मैदान अवलोकन पश्चात उक्त मैदान समेत प्रस्ताव गरिने भएको खेलस्थल व्यबस्थापन उपसमिति संयोजक एंव राखेपका सदस्य राजेशकुमार गुरुङले बताए।

उक्त मैदानमा रग्बी, महिला फुटवल, हक्कि लगायतका कुनै एक खेल संचालनको लागि प्रस्ताव गरिने संयोजक गुरुङले बताए । गण्डकी प्रदेशको राजधानि पोखरामा आधारित भई आउदो असोज २८ देखि कार्तिक ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगिताको लागि विभिन्न खेलहरु संचालनार्थ मैदान छनौट गर्नु पूर्व अवलोकन गर्न सुरु गरिएको उनले बताए। गुरुङ नेतृत्वको टोलीले राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न पोखरा र कास्की क्षेत्रमा रहेका सम्भावित विभिन्न खेल मैदानहरुको आइतबार पनि अवलोकन गर्ने भएको छ।



गण्डकी प्रदेशको राजधानि पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका धेरै खेलहुने हुने भएको उनले जनाए । पोखरा र पोखरा आसपासका क्षेत्रमा सम्भावित खेल मैदानहरुको सम्भाव्यता अध्ययन तथा अवलोकन केही दिन जारी रहने भएको खेलस्थल व्यबस्थापन उपसमिति संयोजक गुरुङले बताए। नेपालकै सबै भन्दा ठुलो रंगशाला पोखरा रंगशालामा एक खर्ब २८ करोडको लागतमा निर्माण भएको फुटवल स्टेडिएम, १५ करोडमा निर्माण भएको बहुउदेश्यीय कभर्डहल, त्यसै गरी टेनिस, आर्चरी, भलिवल, ब्याडमिन्टन, बास्केटबल, ह्याण्डवल, क्रिकेट, इन्डोर हलमा संचालन हुने विभन्नि खेलहरुको प्रतियोगिता एवं प्रशिक्षण समेत गर्न मिल्ने अबस्था रहेको उनले जनाए।

सहारा क्लवका अध्यक्ष हरिराम गुरुङले विभिन्न स्वदेशी तथा विदेशी दाताहरुबाट निर्माण गरिएको सहारा फुटवल एकेडमीको खेल मैदान कुनै पनि खेल संचालनको लागि प्रयोग गर्न सकिने बताए । प्रतियोगिता सम्पन्न गर्न कठित खेलस्थल व्यबस्थापन उपसमितिका सचिव एवं पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका निर्देशक कृष्ण प्रसाद तिमिल्सिनाले प्राविधिक रुपमा खेल मैदान उपयुत्त भए पनि त्यहा रहेको भौतिक पूर्वाधार निर्माणको आधारमा मात्र खेल मैदानहरु छनौट हुने बताए। करिब ३९ बर्ष पछि पोखरामा हुने उक्त प्रतियोगितालाई सफल पार्न गण्डकी प्रदेश बासी एवं खेलकुदकर्मीहरु एक भएका छन्। उक्त प्रतियोगितामा २ प्रर्दशन सहित ३८ खेल हुने भएको छ।

# 'नागरिकता विधेयक नागरिकको हितमा छैन'

रासस
काठमाडौं, ७ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले नागरिकता विधेयक नागरिकको हितमा नरहेको टिप्पणी गर्नुभएको छ।

प्रेस चौतारी नेपाल रुपन्देहीले शनिबार बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले नेपाली नागरिकले विना कुनै बहानामा नागरिकता पाउनुपर्नेमा सन्देह नभए पनि अहिले सरकारले ल्याएको विधेयक त्रुटिपूर्ण रहेको आरोप लगाउनुभयो।

"राज्य व्यवस्था समितिमा जुटेको सहमति विपरीत सरकारले विधेयक ल्याएको छ, यो देशको हितमा छैन", उहाँले भन्नुभयो । एमालले नेपाली नागरिक पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछि मात्र अङ्गीकृत नागरिकता दिने व्यवस्था गर्नुपर्ने प्रस्ताव गरेको जानकारी गराउँदै नेता ज्ञवालीले प्रचलित ऐनअनुसार वैवाहिक अङ्गीकृत नागरिकता विवाह गरेर आउने बित्तिकै प्राप्तिका लागि प्रक्रिया अगाडि बढाउन सकिने भएकाले उचित नभएको बताउनुभयो।

वैवाहिक अङ्गीकृत नागरिकताको सवालमा केही मापदण्ड राख्ने तर उनीहरूलाई कुनै प्रकारको व्यवसाय, नोकरी गर्न नरोक्ने गरी व्यवस्था गर्न सकिने उहाँको भनाइ छ।

# राष्ट्रिय...

आफूहरु कुनै वाद बोकेरभन्दा पनि काम गर्न आएको रविको भनाइ थियो। 'हो मलाई राजनीति आउँदैन, र मलाई राजनीति गर्नु पनि छैन तर, मलाई विदेशमा बेचिएकी नेपाली चेलीलाई नेपाल ल्याउन आउँछ, ठग मानिसलाई जेल कोच्न सक्ने बनाउने नीति बनाउन आउँछ,' उनले भने, 'चराले बिस्ट्याउँदा पनि मन्दिरको छतमा रुख उम्रिने उर्वर भूमिबाट बालुवाको भूमिमा पुगेको युवाका लागि सुनौलो भविष्य कोर्न आउँछ र विभिन्न विभेदको पासोमा नक्कली तमसुक बनाएर आम सर्वसाधारणलाई ऋणको पासोमा डुबाउन खोज्नेहरूलाई जेल पुर्याउन आउँछ।'

लामिछानेले यातायात, मालपोत, सडक र रोजगारको क्षेत्र लथालिंग भएको भन्दै आजसम्म नेतृत्वले किन ठिक गर्न नसकेको बताए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

